# सबैका लागि विद्यालयहरु

## अपांगता भएका बालबालिका र किशोर किशोरीहरुलाई शिक्षामा समावेशीकरण

### समाहित शिक्षालाई प्रोत्साहन किन ? किन भने:

- यसले सबै बालबालिकाहरु सिक्न सक्छन् भन्ने मान्यता राख्दछ ।
- यसले शैक्षिक संरचना, पद्धति र बिधिलाई सवै बालबालिकाहरुको आवश्यकता अनुरुप बनाउन सक्छ ।
- यसले सवैको लागि शिक्षामा गुणस्तरीय योगदान गर्छ ।
- यसले बालबालिकाहरुलाई उनीहरुको परिवार र समुदायमा रहन सक्ने बनाउन मद्दत गर्छ ।
- यो एउटा समावेशी समाज निर्माणको व्यापक रणनीतिलाई प्रवर्द्धन गर्ने एक अङ्ग हो ।
- यो बाल अधिकार महासन्धिको मुल सिद्धान्त अनुरुप छ ।

### संयुक्त राष्ट्रसंघ बाल अधिकार महासन्धी (सि. आर. सि)

अरु सरह अपांग बालबालिकाहरुको पनि पढ्ने अधिकार छ र बालबालिकाहरुलाई शिक्षित बनाउने दायित्व विद्यालयहरुको हो। तर पनि बालबालिकाहरुको प्राथमिक आवश्यकताहरु विशेष होइनन् ,वरु आधारभूत आवश्यकता हुन् । अरुलाई झैं खाना ,आवास, माया, ममता, संरक्षण र शिक्षा बालबालिकाहरुका नैसर्गिक आवश्यकता हुन् ।

बाल अधिकार महासन्धिले सबैखाले बालबालिकाहरुको साथै अपांग बालबालिकाहरुको हक अधिकारको संरक्षण र प्रबर्द्धन गर्दछ ।

- दफा २ : भेदभाव रहितता
- दफा २३ : बालबालिकाहरुको अधिकार
- दफाहरु २८ र २९: शिक्षाको अधिकार



फोटो - स्वनिगः एकेडेमी,मध्यपुर-थिमि

### शिक्षण पद्धतिमा परिवर्तन




समाहित शिक्षामा बालबालिका होइन शिक्षा पद्धति बदल्नु पर्छ। विद्यालय सुधार गरेर समाहित शिक्षाको सकारात्मक परिमाण निकाल्न सकिन्छ अथवा विद्यालयले समाहित शैक्षिक अभ्यासका बढी सहयोगहरु जुटाइदिएर बच्चाहरुलाई प्रोत्साहित गर्न सक्छ। जसरी भएपनि विद्यालय सुधार हुनु अति आवश्यक छ।

### हामीहरुले समाहित शिक्षालाई कसरी समर्थन गर्न सक्दछौं ?

- वस्तुस्थिति विश्लेषण गरेर ।
- प्रयोगात्मक विद्यालयहरुको विकास गरेर ।
- शिक्षामा पद्धति परिवर्तनको लागि सहकार्य गरेर।
- समाहित नीति-नियमलाई प्रोत्साहन दिएर ।
- भौतिक परिस्थितिजन्य वाधा अड्चन हटाउन सरल र मितव्ययी तरिका खोजेर ।
- सिकाइको लागि बाल मैत्री वातावरण सिर्जना गरेर ।
- सरल र शुद्ध सुहाउँदो भाषा प्रयोग गरेर ।
- सिकाइलाई रमाईलो बनाएर ।
- शिक्षालाई दैनिक जीवन र घरेलु अवस्थासंग सुहाउँदो बनाएर ।
- बालबालिकाहरुको सिक्ने क्षमता फरक फरक हुन्छ भन्ने स्वीकारी फरक फरक सिकाइ विधिहरुको प्रयोग गरेर ।
- बालबालिकाहरुका व्यक्तिगत आवश्यकताहरुलाई सिर्जनात्मक र लचकताका साथ प्रतिक्रिया दिएर ।
- वसाईको व्यवस्थामा लचिलोपना अपनाई गुन्द्री, पिर्का वा टायरका टुक्राहरु प्रयोग गरेर ।
- सवै किसिमका अपांगता भएकाहरुले बुझ्न सक्ने खालको वहु विधि शिक्षण पद्धति अप्नाएर ।
- सकृय सिकाई र बालबालिकाको आपसी कृयाकलापहरुलाई प्रोत्साहन गरेर ।
- शिक्षकहरु बिच कृयाकलापको आपसी अवलोकन गर्न र समस्या समाधान गर्न उत्साहित गरेर ।
- आमा-बाबु र समुदायका सदस्यहरुलाई शिक्षामा समावेश गरेर ।

**समाहित शिक्षाका लागि तलका दुई कुरामा ध्यान दिनु पर्छ ।**

- शिक्षा पद्धति बदल्ने ।
- प्रत्येक बालबालिकाको विशेष आवश्यकतामा ध्यान दिने ।


the atlas alliance
global support to disabled people

Save the Children

अनुवादक : एन.एफ.यू -नेपाल नेटवर्क
(बौद्धिक अपांगका अभिभावकहरुको संजाल)
काठमाडौं,

EENET
Enabling Education Network



For more information on inclusive education contact:
The Enabling Education Network - EENET
c/o Educational Support and Inclusion, School of Education,
University of Manchester, Oxford Road, Manchester M139PL,UK
Tel: +44(0) 161 275 3711,
Fax: +44(0) 161 275 3548
E-mail: info@eenet.org.uk, Website: www.eenet.org.uk